# कागेश्वरी मनोहरा नगरपालिकामा कार्यक्षेत्र भै नगरपालिकामा सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरुलाई कागेश्वरी मनोहरा नगरपालिका, सहकारी शाखाको अत्यन्त जरुरी सूचना

संघीय सहकारी ऐन, २०७४ मिति २०७४।०७।०१ मा राजपत्रमा प्रकाशन भै सबै सहकारी संघ संस्थाका हकमा लागू भैरहेको व्यहोरा समस्त सहकारी संघ संस्थाहरुलाई अवगत छदैंछ । सो ऐनको **परिच्छेद -१२** मा **लेखा र लेखापरीक्षणसम्बन्धी** व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाको दफा उतार देहाय बमोजिम रहेको छ ।

---

## परिच्छेद - १२
## लेखा र लेखापरीक्षण

"**७४. कारोबारको लेखाः** (१) सहकारी संस्थाले कारोबारको लेखा दोहोरो प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

**७५. लेखापरीक्षणः** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक बर्षको लेखापरीक्षण आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजत प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ७६ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

(६) सहकारी बैंकले आफ्नो लेखा परीक्षण सम्पन्न गरेपछि सो को प्रतिवेदन नेपाल राष्ट्र बैंकमा समेत पेश गर्नु पर्नेछ ।

**७६. लेखापरीक्षकको नियुक्तिः** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरु मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा(१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिनेछैन ।

२०७६।०३।२९

गिरीराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

कागेश्वरी मनोहरा नगरपालिका
नगरपालिकाको कार्यालय
डाँछी, काठमाडौं
२०७३

**७७. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने:** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन ।

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसुरमा सजाय पाएको तीन वर्षको अवधि भूक्तान नभएको ,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाए पाएको पाँच वर्ष भूक्तान नभएको,

(छ) दफा ७६ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसंग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रुपमा सहकारी संस्थालाई जानकारी गराउनु पर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा सहकारी संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।"

सहकारी ऐन, २०७४ सबै सहकारी संस्थाहरूका लागि बाध्यकारी रहेको छ । सहकारी ऐन,२०७४ बमोजिम माथि उल्लिखित लेखापरीक्षणलाई व्यवस्थित गर्ने भनी अनिवार्य गरिएकोले लेखा र लेखापरीक्षण सम्बन्धी कार्यहरु माथि उल्लेखित विधि र प्रक्रिया बमोजिम गर्नु, गराउनुहुन जानकारी गराइन्छ । पछि अनुगमन तथा अनुसन्धानका क्रममा त्यस्तो पाइएमा प्रचलित सहकारी ऐन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराउँदै नगरवासी दाजुभाइ दिदीबहिनी सबैले यसै सूचनालाई आधार मानी आफू सदस्य रहेको सहकारी संस्थामा यी प्रावधान पालना गर्न लगाई संस्थाको दिगोपना र प्रगतिका लागि कानूनको पालनामा सहयोग गरिदिनुहुन समेत कार्यालय हार्दिक अनुरोध गर्दछ ।

२०७८।०३।२१
... राज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
कागेश्वरी मनोहरा नगरपालिका